# नेपाली भाषा (Nepali)

## भाषासम्बन्धी सेवाहरू

हामी, सेन्ट लुइ शिशु अस्पताल (St. Louis Children's Hospital)-मा सबै रोगीहरू एवम् परिवारहरूले उनीहरूले चाहेको भाषामा चिकित्सकीय जानकारी प्राप्त गरून् भनी सुनिश्चित गर्छौं। योग्यता प्राप्त चिकित्सकीय दोभासेहरू अनि लिखित अनुवादहरूको उपयोगद्वारा सित्तैंमा भाषासम्बन्धी सहायता पुर्‍याउनको लागि हामी प्रतिबद्ध छौं।

### दोभासे सेवा

दोभासे सेवा भनेको कसैले बोलेको कुरो वा साङ्केतिक भाषामा गरिएका अभिव्यक्तिहरूलाई एक भाषाबाट अर्कोमा रूपान्तर गर्ने प्रक्रिया हो।

दोभासे सेवाहरू रोगीहरू एवम् परिवारहरूलाई सित्तैंमा उपलब्ध गराइन्छ। विदेशी भाषा अनि साङ्केतिक भाषाको लागि दोभासेहरू 24 घण्टा/दिन उपलब्ध रहन्छन्।

तपाईंको एपोएन्टमेन्टको समयमा तपाईंलाई दोभासेको आवश्यकता छ भने कृपया यसबारे कार्यक्रम निर्धारित गर्ने कर्मचारीलाई सूचित गर्नुहोला, अनि निश्चित रूपमा भाषाको उल्लेख पनि गर्नुहोला। यदि तपाईंको शिशुलाई अस्पतालमा भर्ना गरिएको छ भने कृपया शिशुको नर्ससित कुरो गर्नुहोस् अनि तपाईंलाई चिकित्सकीय जानकारी दिइएको बेलामा दोभासे सेवा उपलब्ध गराउने अनुरोध गर्नुहोस्।

### अनुवाद

अनुवाद त्यो प्रक्रिया हो जसले एउटा भाषामा लेखिएका कुरोहरूलाई अर्को भाषामा रूपान्तर गर्छ।

सेन्ट लुइ शिशु अस्पताल (St. Louis Children's Hospital)-मा अनुवाद सेवाहरू पनि उपलब्ध गराइन्छन्। अनुवाद गरिएका लिखित सामग्रीहरूको उद्देश्य रोगी-सेवा प्रदायक बीच संवाद-संचारमा वृद्धि गर्नु हो। अनुदित सामग्रीहरूमा सेवा प्राप्त गर्नको लागि आवश्यक कागजातहरू तथा रोगीले जान्नुपर्ने कुरोहरू लेखिएका सामग्रीहरू सामेल छन्।

### रोगीहरू एवम् परिवारहरूको लागि सम्बद्ध संसाधनहरू

यू.एस (संयुक्त राज्य अमेरिका) बाहिर बस्ने रोगीहरू एवम् परिवारहरूको लागि सूचना

यदि तपाईं संयुक्त राज्य अमेरिका बाहिर बस्नुहुन्छ अनि सेन्ट लुइ शिशु अस्पताल (St. Louis Children's Hospital)-मा उपचार गराउन चाहनुहुन्छ भने कृपया यो लिङ्क हेर्नुहोस्।

अस्पताल संसाधनहरू

यदि तपाईं आफ्नो शिशुको स्वास्थ्यसम्बन्धी स्थितिबारे जानकारी प्राप्त गर्न इच्छुक हुनुहुन्छ भने तपाईंले हाम्रो परिवार संसाधन केन्द्र [Family Resource Center (FRC)]-सित 314.454.2350 -मा फोन गरेर सम्पर्क गर्न सक्नुहुन्छ अथवा यो लिङ्क हेर्नुहोस्।

**सेन्ट लुइ शिशु अस्पताल (St. Louis Children's Hospital)-मा उपलब्ध भाषासम्बन्धी सेवाहरूबारे तपाईंसित कुनै प्रश्नहरू छन् भने कृपया SLCHLanguageServices@bjc.org -मा ईमेल गर्नुहोस् वा 314.454.2579-मा फोन गर्नुहोस्।**